14 Years MISSION
नेपाल सम्वत् ११४४
चैत कृष्ण चतुर्थी

www.missiontodaynews.com

# मिसन टुडे

'सूचनामा तपाईंसँगको साझेदारी'

राष्ट्रिय स्तरमा वर्गीकृत बाँकेको पहिलो पत्रिका | राष्ट्रिय दैनिक

वर्ष : १४, अंक २६२ पृष्ठ ४ | शुक्रबार १६ चैत २०८० | (FRIDAY 29 MARCH 2024) | मूल्य रु. ५ | E-mail: missiontodaydaily@gmail.com

**डढेलोबाट बचौँ र बचाऔँ।**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौँ,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौँ र गर्नै पर्ने भए सावधानी प्रयोग गरी राम्रोसँग निभाऔँ,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौँ।

*सचेत बनौँ, डढेलोबाट आफू पनि बचौँ र अरुलाई पनि बचाऔँ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## पूर्वराजा नेपालगन्ज आउँदै

**नेपालगन्ज।** पूर्वराजा ज्ञानेन्द्र शाह नयाँ वर्षको अवसरमा नेपालगन्ज आउने भएका छन्। विश्वस्त स्रोतका अनुसार चैत २१ गते शाह यहाँ आउनेछन् भने बसाइ विगतमा जस्तै पाँचतारे होटल सोल्टीमा हुनेछ।

पूर्वराजाको संवाद सचिवालयले सार्वजनिक गरेको सूचना अनुसार नेपालगन्जलाई मुकाम बनाएर साविकको मध्यपश्चिम र कर्णालीका केही जिल्ला भ्रमण गर्ने तयारी गरिरहेका छन्। सोही भ्रमणको सिलसिलामा पूर्वराजा शाह यहाँ आउन लागेका हुन।

शाह नेपालगन्जमा आउँदा सोल्टी होटलमा बसोबास गर्दै आएका छन्। अहिले पनि उनी सोही होटलमा बस्ने निश्चित भएको छ। भ्रमणमा उनीसँगै पूर्वरानी कोमललगायत परिवारका सदस्यहरू सहभागी हुने गरे पनि यसपटक को-को सहभागी हुन्छन् भन्ने खुलेको छैन।

## भारतीयसहित ६ लागूऔषध कारोबारी पक्राउ

**देउखुरी।** नेपाल-भारत सीमावर्ती क्षेत्रबाट लागूपदार्थ ब्राउनसुगरसहित नेपाली र भारतीय नागरिक गरी ६ जनालाई प्रहरीले पक्राउ गरेको छ। लागूऔषध ब्राउन सुगरको कारोबार गरिरहेको अवस्थामा नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले उनीहरूलाई पक्राउ गरेको छ। कोइलबास गुल्मका प्रमुख अर्जुन पौडेलको कमान्डमा खटिएको नेपाल प्रहरीसहितको टोलीले अन्दाजी १ ग्राम ब्राउनसुगरसहित उनीहरूलाई पक्राउ गरेको हो।

पक्राउ पर्नेहरूमा नेपाली नागरिक घोराही उपमहानगरपालिका-३ का २३ वर्षीय चन्दन गिरी, घोराही उपमहानगरपालिका-१४ का २४ मोहम्द तारिख र सोही स्थानका २४ वर्षीय रिआज फरुकी रहेका छन्।

त्यसैगरी, भारतीय नागरिकमा उत्तर प्रदेशको श्रावस्ती जिल्ला बाबुनान निवासी २१ वर्षीय मोहम्द आलम, सिद्धार्थनगर जिल्ला उत्तरप्रदेश डुमरीयागन्ज घर भई हाल श्रावस्ती बाबुनान गाउँमा बस्दै आएका २३ वर्षीय सुहेल राइन र जिल्ला बलरामपुर निवासी २२ वर्षीय जैन राइन पक्राउ परेका छन्।

ब्राउनसुगरको कारोबार गरिरहेको अवस्थामा उनीहरूलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। कोइलाबास टावर नजिकैबाट पक्राउ परेका उनीहरूलाई इलाका प्रहरी कार्यालय गढवामा बुझाइएको छ। बिहीबार जिल्लाबाट म्याद थप गरी थप उनीहरूमाथि थप अनुसन्धान सुरु गरिएको इलाका प्रहरी कार्यालय गढवाका प्रहरी प्रमुख नवीन वलीले जानकारी दिए।

# बाँकेका तीन उद्योगमा ठूलो लगानी भित्रिँदै

**बैजनाथ गाउँपालिकामा मध्यपश्चिम फिड इन्डस्ट्रिज कम्पनीले दाना उत्पादन गरिरहेको छ भने नेपालगन्ज-१३ मा ६२ करोड रुपैयाँको चुक्ता पुँजीमा ग्लोबल फुड पार्क प्रालि सञ्चालनमा ल्याउन उद्योग विभागमा दर्ता भइसकेको छ।**

**मिसन संवाददाता**
*नेपालगन्ज, १५ चैत*



बाँके जिल्लामा कृषिसँग सम्बन्धित दुई र ऊर्जासँग सम्बन्धित एउटा गरी तीन वटा ठूला उद्योगले लगानी गर्ने भएका छन्। एउटा उद्योग सञ्चालनमा आइसकेको छ भने एउटा उद्योगमा वैदेशिक लगानी भित्र्याउन लगानी सम्मेलनमा छलफल हुँदै छ।

बैजनाथ गाउँपालिकामा मध्यपश्चिम फिड इन्डस्ट्री कम्पनीले दाना उत्पादन गरिरहेको छ भने उक्त उद्योगमा २५ करोड रूपैयाँ लगानीमा रहेको छ। पचास जनाभन्दा बढीलाई प्रत्यक्ष रोजगारी दिएको उद्योगले बर्सेनि २६ हजार मेट्रिकटन दाना उत्पादन गर्ने लक्ष्य लिएको छ। त्यस्तै नेपालगन्ज-१३ मा ६२ करोड रूपैयाँको चुक्ता पुँजीमा ग्लोबल फुड पार्क प्रालि सञ्चालनमा ल्याउन उद्योग विभागमा दर्ता भइसकेको छ। अढाई सय जनालाई रोजगारी दिने उक्त उद्योगले चाम, दाल, भुजा, चिउरा उत्पादन गर्नेछ। पछिल्लो समय बाँकेमा ठूला उद्योग सञ्चालनमा आउने क्रम बढेको छ।

सरकारले आगामी लगानी सम्मेलनमा १ खर्ब ७४ अर्ब ४९ करोडबराबरका चार परियोजनाको कार्यान्वयनका लागि अन्तिम सम्झौता गर्ने तयारी गरेको छ। सरकारले आगामी वैशाख १६ र १७ गते तेस्रो लगानी सम्मेलन गर्दै छ।

सम्मेलनमा बाँके र कपिलवस्तुमा बन्ने १२५/१२५ मेगावाटको सोलार प्लान्ट परियोजनामा भने सिंगापुरको लगानी आउँदै छ। ४० मेगावाटको ब्याट्री स्टोरेज प्लान्टसहित यो परियोजनामा सिंगारपुरको राइजेन इनर्जीले २१ अर्ब ६० करोड लगानी गर्दै छ। जुन लगानी रकम १ साउन २०७५ मा नै बोर्डबाट स्वीकृत भइसकेको छ। निर्माणमा जान लागेको यो सबैभन्दा ठूलो सोलार प्लान्ट हो।

लगानी बोर्डले उक्त परियोजनाबारे विभिन्न चरणमा विकासकर्तासँग अध्ययन गर्ने समझदारी दिने तथा लगानी स्वीकृत गरेको थियो। अब भने उक्त परियोजनालाई कार्यान्वयनमा प्रवेश गराउने गरी अन्तिम सम्झौता गर्न लागिएको हो, त्यसपछि उक्त परियोजना कार्यान्वयनको

*बाँकी तेस्रो पृष्ठमा...*

# पुनर्जीवनको आशामा अंगुर फार्म



**मिसन संवाददाता**
*नेपालगन्ज, १५ चैत*

३० वर्षअघि जापानको जाइका नामक संस्थाले उपहारस्वरूप कृषि अनुसन्धान केन्द्र खजुरा बाँकेलाई छाडेर गएको अंगुर अनुसन्धान केन्द्र अहिले अलपत्र जस्तो छ। कुनै बेला लटरम्म फल्ने अंगुर खान र हेर्न टाढाटाढाबाट आउनेको केन्द्रमा घुँइचो लाग्ने गरेको थियो। तर अहिले अवस्था फेरिएको छ। न यहाँ पहिले जस्तो लटरम्म अंगुर फल्छन् न त हेर्नै कोही आउँछन्। देशमै अंगुर उत्पादनलाई प्रवर्द्धन गर्न सक्ने सार्मथ्य रहेको अंगुर अनुसन्धान केन्द्र यतिबेला उराठलाग्दो अवस्थाबाट गुज्रिएको छ।

**बर्सेनि करोडौं मूल्यको वाइन र अंगुर विदेशबाट आयात भइरहेका बेला स्वदेशमै अंगुर उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले स्थापित निकाय आफैँ मासिँदो अवस्थामा पुगेको छ।**

बर्सेनि करोडौँ मूल्यको वाइन र अंगुर विदेशबाट आयात भइरहेका बेला स्वदेशमै अंगुर उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले स्थापित निकाय आफैँ मासिँदो अवस्थामा पुगेको छ। स्वदेशमै अंगुर खेती गरेर यसको आयात निरुत्साहित गर्नुपर्छ भन्ने सोच केन्द्रीय सरकारमा बसेका कुनै नीति निर्मातामा नभएको परिणाम देशकै ठूलोमध्येको अंगुर अनुसन्धान केन्द्र यो हालतमा

*बाँकी तेस्रो पृष्ठमा...*

**Vacancy ! Vacancy !!**

Kohalpur City Academy Banke, Kohalpur Municipality-11 invites applications from passion oriented and highly calibered facilitiators for the following subjects. Interested candidates can apply with complete Xerox along with testimonials not later by 16th Chaitra 2080 during office hours to school office.

| S. N. | Post | Level | Number | Requirement |
|---|---|---|---|---|
| 1 | English Teacher | Basic | 3 | B.Ed./B.A. English |
| 2 | Social Studies Teacher | Basic | 3 | Bachelor's in Relevent Subject |
| 3 | Mathematics Teacher | Basic | 3 | I.Sc./I.Ed. Math |
| 4 | Science Teacher | Basic | 3 | I.Sc. or above |

**Remuneration** :- A competetive Salary package will be provided.

**Note :-** Only short listed candidates will be called for the interview. More priority for local residents. Experience in teaching will be given top priority. Solid written and verbal communication skills in English & Nepali. Additional skills will be given priority.

**Kohalpur City Academy Banke pvt. ltd.**
Kohalpur-11, Banke (North Side of Old Buspark)
Ph. No. 9844842299, 9858042299, 9868144422, 9813121055
**Email** : pr.kca72@gmail.com

**कर्मचारी आवश्यकता**

शुभ हस्पिटालिटीको व्यवस्थापनमा तपाईहरुको नगरी न्युरोड (मेडिकल कलेज रोड, पूर्व गेट) कोहलपुर-११, बाँकेमा अवस्थित होटेल कृष्णमा केहि कर्मचारीको आवश्यकता रहेकोले इच्छुक उम्मेद्वारले निवेदन दिन हुन आहवान गर्दछौ।

| क्र.सं. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १ | लेखापाल | १ | +२ भन्दा माथि / कम्प्युटर र होटेल सफ्टवेयरको बारेमा ज्ञान भएको/कम्तिमा १ वर्ष २५+ रूम भएको होटेलमा काम गरेको अनुभव भएको |
| २ | लंड्रि अपरेटर | १ | एसएलसी+/कम्तिमा १ वर्ष २५+ रूम भएको होटेलमा काम गरेको अनुभव भएको |
| ३ | रूम क्लिनर (पुरूष) | २ | एसएलसी+/कम्तिमा १ वर्ष २५+ रूम भएको होटेलमा काम गरेको अनुभव भएको |

*नोट: अनुभबीलाई प्राथमिकता दिइने छ।*

तलब: आकर्षक, आपसी समझदारीमा तय गरिने, चाडपर्ब बोनस सहित

Hotel Krishna
Kohalpur-11, Newroad,Dashbigaha

**होटेल कृष्ण**
**(शुभ हस्पिटालिटी सुर्खेतको व्यवस्थापन)**

SUVA HOSPITALITY

कोहलपुर-११, बाँके
सम्पर्क नं.:- ०८१-५४०७०७/९८५१३४१०६९
इमेल: suvakohalpur@suvahospitality.com
Website: www.suvahospitality.com

**काठमाडौंका वरिष्ठ सेक्सोलोजिस्ट डाक्टर**

**यौन प्रजनन् नि:सन्तानपन**

**चैत २० गते**





- सिघ्र स्खलन
- उत्तेजना नहुने
- चाहाना नहुने
- कडापन नहुने
- सेतोपानी बग्ने
- महिनावारी गडबडी
- यौन अङ्ग चिलाउने
- तल्लो पेट दुख्ने



**डा. विनोद कु. मिश्र**
Senior Sexologist
Ayurvedic Physician
NAMC No. 243

MATA MANAKAMANA AYURVED CLINIC

**माता मनकामना आयुर्वेद**
टेलिकम रोड, कोहलपुर (बाँके)
081-541899/9858024129

# महिला न्यायाधीश हुँदैमा नकारात्मक टीकाटिप्पणी जायज हुन्छ र ?

**सर्वोच्च अदालत, उच्च र जिल्ला अदालत गरी जम्मा ४३ जना महिला न्यायाधीशहरु कार्यरत हुन सफल छन् । यो नियुक्ति केही वर्षभित्रमा नै सम्भव भएको र लैंगिक समानताको स्थापना - प्रशस्त फराकिलो दृष्टिकोण रहेका कारण एउटी सर्वोच्च अदालतकी महिला न्यायाधीश सपना प्रधान मल्लको प्रयासबाट पनि सफल भएको पाइएको छ ।**



सुशीला कार्की

एकडेढ वर्षअघिको कुरा हो, क्याम्पसमा पढाउने एउटी शिक्षिकाले मलाई प्रायजसो राति फोन गरी आफ्ना समस्या बताउने र मसँग सल्लाह पनि लिने गरेकी थिइन् । उनको फोन प्रायः राति ९ बजेपछि आउने गर्थ्यो । चितवनको स्वतन्त्र वातावरणमा जन्मेर हुर्किएकी तर विवाहपछि उनको कर्मथलो सुर्खेत बन्न पुगेको रहेछ ।

स्नातकोत्तरसम्म अध्ययन गरेकी, विवाहअघि चितवनको कुनै क्याम्पसमा पढाउने गरेको हुँदा विवाहपछि पनि अस्थायी नियुक्ति पाएर सुर्खेतको एक क्याम्पसमा पढाउने अवसर पाइछन् ।

उनले त्यहाँ पढाउन त थालिन् तर त्यस क्याम्पसमा उनी एक्ली शिक्षिका रहिछन् । उक्त क्याम्पसमा महिलामैत्री वातावरणको अभाव पनि रहेछ । उनले त्यस क्याम्पसमा महिला भएर पनि पढाएकामा त्यहाँका धेरै कर्मचारी र प्राध्यापकहरूलाई रुचिकर लागेको रहेन छ ।

उनले आफू क्याम्पसमा एकान्तमा रहे या भएको मौकामा आफूमाथि यौनजन्य हिंसा हुन सक्ने जोखिम समेत महसुस गरेकी रहिछन् । उनैको कथनअनुसार, दिउँसै क्याम्पसमा रक्सी पिएर आउने कर्मचारी र शिक्षक समेतका गतिविधि हुँदा त्यस्तो दुर्घटना असम्भव पनि थिएन । हुँदाहुँदै उनलाई जसरी पनि दबाब, प्रभाव र दुर्व्यवहार गरेरै भए पनि पदबाट निष्कासन गर्ने पक्षमा केही उच्चस्तरकै कर्मचारी जुटेका रहेछन् ।

मिहिनेत गरेर पढाए पनि उनको आलोचना गरिने, पुरुष कार्यालय सहयोगी त के महिला सहयोगीसम्मले उनको टेबुलमा एक गिलास पानीसम्म नराख्ने वातावरण बनेछ ।

पढेलेखेको महिलालाई त्यसै पनि घरमा बेरोजगार भई बस्ने इच्छा हुँदैन, दुई पैसाको आम्दानी होस् भन्ने चाहना समेत हुन्छ । उनको सन्तान भयो, सन्तान बोकेर पढाउन क्याम्पसमा गइन् । तर, उनले क्याम्पसमा पढाउन्जेल बच्चा हेर्नेसम्मको सहयोग गर्ने कोही भएन छ ।

बच्चा च्यापेर पढाउने कुरा पनि त भएन । सुत्केरी हुँदा बिदा स्वयम् क्याम्पस प्रशासनले मिलाइदियो । तर, पछि त्यसै कुरालाई लिएर स्वयम् तिनै कर्मचारीले उनलाई निष्कासन गर्ने बखेडा झिकेका रहेछन् ।

मैले सल्लाह दिने क्रममा भने, 'प्रमुख जिल्ला अधिकारीलाई भेट्नुस् । स्थानीय नेताहरूसँग कुरा राख्नुस् ।'

ती उपाय सम्भवतः अपनाइन्, तर उनले राहत पाएजस्तो लागेन । किनकि, नेपालमा कुनै कुराको लाभ वा फाइदा महिलाले लिनु छ भने कि त नेताका छोरी, बुहारी, पत्नी हुनुपर्‍यो वा ठूला प्रशासक, धनीमानी तागतवर परिवारका सदस्य हुनुपर्छ ।

मैले लामो समयसम्म उनीसँग झर्को नमानी कुरा गरिरहेँ । मलाई लाग्छ, छ महिनाभन्दा बढी समयसम्म निरन्तर उनले मसँग सल्लाह मागिन् होला । मैले झर्को नमानी उनीसँग कुरा गर्ने कारण थियो, त्यही नकारात्मक वातावरणलाई सामना गर्दा गर्दै उनलाई 'डिप्रेसन' भएको जस्तो महसुस गरेकी थिएँ । तसर्थ, मैले उनलाई फोनमै कुरा गरेरै भए पनि सम्झाउने कोसिस गरेकी हुँ ।

**असहयोगमै महिला न्यायाधीश पनि**

२०८० चैत ९-१० गते महिला न्यायाधीशहरूको दुईदिने सम्मेलनबीच मन्थन हुने क्रममा के कुरासम्म सुन्नमा आयो भने केही जिल्ला अदालतमा नियुक्त महिला जिल्ला न्यायाधीशहरूलाई त्यहाँ कार्यरत पुरुष स्रेस्तेदार र अधिकृतले असहयोग गर्दा रहेछन् ।

कुनै एक जिल्ला अदालतमा महिला न्यायाधीश सरुवा भएपछि उनले त्यहाँ हुने अधिकृतलाई फोन गरिछन् र आफू त्यहाँ अमूक मितिसम्ममा आएर पदमा बहाली हुने कुराको जानकारी गराइछन् ।

तर, ती कर्मचारीले बडो रुखो जवाफ दिँदै भनेछन्, 'म त बिदामा छु, म त्यहाँ हाजिर हुन पनि सक्दिनँ । तपाईंको पद बहालीका दिन तपाईंको भात पकाउने भान्से र गाडी हाँक्ने ड्राइभर दुईजनासम्मले तपाईंको स्वागत गरे पुग्दैन ?'

त्यस्तै, कतिपय जिल्लामा जहाँ महिला न्यायाधीशहरू पुगेका छन्, त्यहाँ तिनले गरेका फैसला, आदेश र टिप्पणीबारे आमसेवाग्राही र दर्शकका माझ अदालतको हाताभित्र खडा भएर स्वयम् त्यहीँ काम गर्ने कर्मचारीहरूले नकारात्मक टीकाटिप्पणी र आलोचना गर्नु कति जायज हुन्छ ? महिला न्यायाधीशले गरेका थुनछेकको आदेशविरुद्ध आफूले सोचेअनुकूल भएन भन्दैमा सेवाग्राहीलाई उचालेर जुलुस गराउनु, त्यो पनि अदालतको कर्मचारीले, त्यो ठिक होला ?

अदालत जनताको सेवा गर्न बसेको संस्था हो । त्यहाँ हुने क्रियाकलापबारेमा सिंगो न्यायपालिकाको जिम्मेदारी रहन्छ । 'यो मेरो काम, त्यो तेरो काम' भनी छुट्ट्याउन पनि मिल्दैन ।

न्यायाधीशले गरेको आदेशमा अदालतकै कर्मचारीले आदेशकर्ता महिला न्यायाधीश भएकै कारण घुस लियो भनी दुष्प्रचार गरी बदनाम गराउन खोज्नु कति उपयुक्त होला ?

कुनै काममा त्रुटि भयो भने कुनै एक न्यायालयको कर्मचारी दोषी नभई सिंगो न्यायालयमाथि आरोप आउन सक्छ । तसर्थ, को तल्लो तहको कर्मचारी हो, को माथिल्लो तहको कर्मचारी हो, त्यस कुराका बीच कुनै भेदभाव नगरी साझा रूपमा मिलेर काम गर्नुपर्ने हुन्छ ।

आमअशिक्षित जनताले न्यायाधीशका बारेमा भ्रम राख्नु स्वाभाविक होला । तर, अदालतका कर्मचारीहरू- प्रायजसो आजभोलि नेपालमा पनि कानुनका स्नातक नै हुन्छन्, तिनले महिला न्यायाधीशका बारेमा अवधारणा किन त्यस्तो राखेको हो ?

यो आफैँमा एक आर्श्चय छ । एकपटक महिला न्यायाधीशहरूको सेमिनारमा भाग लिन म नेदरल्यान्ड्स गएको बेला एउटी दक्षिण अफ्रिकाकी महिला न्यायाधीशले आफ्नो अनुभव सुनाएकी थिइन्- कसरी एउटा अफ्रिकी पुरुष सेवाग्राही उनी कार्यरत बेन्चभित्र पस्यो, 'खोइ न्यायाधीश ? कसले मेरो मुद्दाको फैसला गर्ने हो ?,' सोध्यो ।

ती महिला न्यायाधीशले भनिछन्, 'म न्यायाधीश हुँ, तिम्रो मुद्दा म फैसला गर्न बसेकी छु ।' त्यो सुनेपछि ती सेवाग्राहीले महिला न्यायाधीशलाई औंलो ठड्याउँदै भनेछ, 'तिमी त आइमाई हौ, तिमी न्यायाधीश होइनौ ।'



नेपालको न्यायालयभित्र महिलामैत्री वातावरण पटक्क छँदै छैन भनी भन्न र मान्न सकिन्न । अलि विकसित र शिक्षित वर्गहरूको बढी बसोबास भएको सहरहरूमा छ । महिला न्यायाधीश नियुक्तिमा संख्यात्मक बढोत्तरी र तिनको कार्यक्षेत्रमा कामको वातावरण बनाउन त पुरुष न्यायाधीशहरू पनि लागिपरेका छन् ।

कतिपय पुरुष न्यायाधीशहरूले महिला न्यायाधीशले भन्दा बढी लैंगिक समानताका बारेमा वकालत गरेको समेत पाइन्छ । साथै, यससिद्धान्तको अनुसरण गर्दै उल्लेखनीय नजिरहरूको स्थापना गरेको समेत देखिएको छ ।

२०७३ सालको वैशाखदेखि श्रावण महिनासम्म सर्वोच्च अदालतमा म कामु प्रधानन्यायाधीश भएर काम गरेको अवधिभित्र २१ जना हुनुपर्नेमा मात्र ६-७ जना हामी न्यायाधीशहरू थियौँ । त्यसमा पनि कोही भ्रमणमा, कोही बिदामा हुने गरेका थिए ।

त्यतिखेर सर्वोच्च अदालतको कार्यसम्पादनका निम्ति जगदीशप्रसाद शर्मा पौडेल, देवेन्द्रगोपाल श्रेष्ठ, गोविन्दप्रसाद उपाध्यायले सक्दो सहयोग गर्नुभएको थियो । त्यही ६/७ जनाकै संख्याभित्र पनि केही असहयोगी न्यायाधीशज्यू पनि हुनुहुन्थ्यो, जसले अदालतको कामलाई म सुशीला कार्कीको निजी काम सम्झेर दिनको १-२ बजे नै कलम बन्द गरी अदालतबाट बाहिरिनुहुन्थ्यो । उहाँहरूको मस्तिष्कमा कस्तो छाप परेको रहेछ भने मेरो कार्यकालमा बढी फैसला भएमा त्यसको जस मलाई जानेछ ।

२०७३ को भदौ महिनापछि ११ जना न्यायाधीशहरू हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, सपना प्रधान मल्ल आदिले न्यायालयका काम-कारबाहीमा ठूलो रफ्तार ल्याइएको थियो । तसर्थ, त्यसबखत ठूलो संख्यामा मुद्दाहरूको फैसला हुन सम्भव भएको पनि हो ।

सर्वोच्च अदालत, उच्च र जिल्ला अदालत गरी जम्मा ४३ जना महिला न्यायाधीशहरू कार्यरत हुन सफल छन् । यो नियुक्ति केही वर्षभित्रमा नै सम्भव भएको र लैंगिक समानताको स्थापना- प्रशस्त फराकिलो दृष्टिकोण रहेका कारण एउटी सर्वोच्च अदालतकी महिला न्यायाधीश सपना प्रधान मल्लको प्रयासबाट पनि सफल भएको पाइएको छ ।

प्रधानको नियुक्ति बेला, २०७२ सालको फागुन महिनामा न्याय परिषद्द्वारा नियुक्तिको सिफारिस गरिँदा न्यायालयमा राजनीति घुसेको आलोचना सर्वत्र भएको थियो । तर, यथार्थमा उहाँ कानुन व्यवसायी हुँदादेखि नै रुझान लैंगिक समानतासम्बन्धी कानुन बनाउने, परिवर्तन गर्ने वा संशोधन गर्ने अभियानमा लागिपर्नु भएको हो ।

त्यो नियुक्तिमा विरोध हुँदा स्वयम् महिला कानुन व्यवसायीहरूबाट नियुक्तिको समर्थनमा कुनै आवाज नआएको भनी हाम्रा केही पुरुष मित्रहरूले हामीसँग व्यंग्य गर्नुभएको स्मरण ताजै छ ।

तर, लैंगिक समानता स्थापनाका लागि उहाँले पर्याप्त मात्रामा महिला कानुन व्यवसायीहरूको न्यायाधीश नियुक्तिमा संख्यात्मक र गुणात्मक वृद्धि गराउनुका अतिरिक्त आममहिलाको हक, अधिकारका विवादहरूमा समेत लैंगिक समानता कायम हुने गरी फैसलाको निम्ति जोड दिएको देखिएको छ ।

यथार्थमा महिला न्यायाधीशहरूको नियुक्तिमा संसारभर समानुपातिक र समावेशीको आधारमा बल पुर्‍याएको देखिएको पाइन्छ । महिला न्यायमा हुनु भनेको महिलाले न्याय पाउनु हो भनी संयुक्त राष्ट्रसंघले घोषणा समेत गरेको छ ।

महिलाको भावना, महिलाको कष्ट, महिलाको दर्दको अनुभूति महिलाले नै गर्न सक्छन् । तसर्थ, महिलाको जनसंख्याको अनुपातमा महिलाले न्यायालयमा समेत नेतृत्व गर्न पाउनुपर्छ भनी आधुनिक संविधान र अन्तर्राष्ट्रिय कानुनहरूले पनि त्यही भन्छ । एउटी महिलाले न्यायालयमा बसेर सेवा गर्न पाउनु उसको निम्ति उपयुक्त पेसा हो । यसमा बुद्धि, विवेक, तर्क, समन्यायको प्रयोग हुने गर्छ ।

साथै, न्यायाधीश बन्ने व्यक्तित्वको स्वभावमा नरम, शालीन, भद्र, धैर्य हुनु आवश्यक हुन्छ । यो पेसामा लेखन र अध्ययन पनि त्यति नै निरन्तर गर्नुपर्ने हुन्छ । यो पेसा कठोर परिश्रम गर्नुपर्ने पेसा पनि हो ।

महिलाहरूको अर्को पाटो पनि छ । आदि-अनादिकालदेखि विरासतमा पाएको घरव्यवहार, जसमा महिलाहरू पिँढीदर पिँढीदेखि पोख्त छन् । यो पेसाको अर्को कठोर पक्ष भनेको कार्यरत स्थानबाट बराबर सरुवा हुँदै जाने र घरपरिवरबाट बाहिर रहनुपर्ने ।

फैसला लेख्दा वा बहस सुन्दा सुन्दै ती समस्याहरूको स्मरण पनि हुन सक्नेछ । तथापि, काम राम्रैसँग गर्न सकिन्छ । त्यसको निम्ति महिला न्यायाधीशहरूमा इमानदारी, साहस, धैर्य र कस्तै प्रतिकूल परिस्थिति आए पनि विचलित नहुने अठोट हुनुपर्छ ।

साथै, महिला न्यायाधीशहरूको सुरक्षा र तिनले गरेका कामविरुद्ध वैमनस्य राखी गरिने दुष्प्रचारविरुद्ध संरक्षण गर्न नेतृत्व तहले जहिले पनि चनाखो हुन जरूरी छ ।

*साभारः बाह्रखरी*

## स्वास्थ्य टिप्स

# प्रजनन् क्षमता बढाउने १० खानेकुरा



डा. मनिष सिंह
आयुर्वेदिक चिकित्सक

गर्भधारणका लागि पुरुषको स्पर्म (शुक्राणु)को गुणस्तर राम्रो हुनु र महिलाको डिम्ब अर्थात् अण्डा पनि गुणस्तरीय हुनु अति आवश्यक छ । तर बढ्दो तौल, खराब खानपान, अत्याधिक तनाव र बढ्दो उमेरले गर्भधारण गर्न कठिनाइ हुन्छ ।

शरीरमा पोषक तत्वको कमीका कारण प्रजनन् क्षमतामा असर पर्छ । यस्तो अवस्थामा यो समस्याबाट बच्न र प्रजनन् क्षमता बढाउन केही विशेष सुपरफुडहरूको सेवन गर्न सकिन्छ ।

**खजुर**

खजुर धेरै पोषक तत्वले भरिपूर्ण हुन्छ । यो सबै उमेरका मानिसका लागि आवश्यक छ र धेरै स्वास्थ्य लाभहरू छन् । पुरुष र महिला दुवैका लागि प्रजनन् क्षमता बढाउन प्रभावकारी सावित हुनसक्छ । यसले शरीरलाई पर्याप्त ऊर्जा प्रदान गर्छ । यसको नियमित सेवनले महिलाको प्रजनन् क्षमतालाई बलियो बनाउँदै गर्भधारण गर्न सजिलो बनाउँछ ।

**उखु**

उखुलाई आयुर्वेदमा इक्षु भनिन्छ, यसमा कामोत्तेजक, शारीरिक शक्ति र शुक्राणुको गुणस्तर सुधार गर्ने गुण हुन्छ । यसले यौन शक्ति बढाउँछ, जसले गर्दा जोडीहरूले स्वस्थ र सुखद् यौन जीवनको आनन्द लिन सक्छन् ।

**घिउ**

आयुर्वेदका अनुसार गाईको घिउ एक पवित्र पदार्थ हो, जसले मानिसको शारीरिक, मानसिक र आध्यात्मिक स्वास्थ्यलाई फाइदा पुर्‍याउँछ । प्रजनन् क्षमता लागि गाईको घिउ वरदान साबित हुनसक्छ । यसले गर्भधारण गर्न धेरै सजिलो बनाउँछ ।



**अनार**

अनारले शुक्रकीटको गुणस्तर सुधार गर्छ । अनारले शुक्रकीटको गुणस्तर बढाउँछ र महिलाहरूको स्वस्थ हार्मोनल चक्रलाई सुधार्छ ।

महिलामा हार्मोन सन्तुलित रह्यो भने प्रजनन् क्षमता कायम राख्न सजिलो हुन्छ । पुरुषमा गर्भधारणको समयमा शुक्राणुको गुणस्तर धेरै महत्त्वपूर्ण हुन्छ ।

**सिमी र दाल**

सिमी र दाल फाइबर र फोलेटका उत्कृष्ट स्रोत हुन् । यी दुवैले स्वस्थ हार्मोनल सन्तुलन कायम राख्न सहयोग गर्छ ।

दालमा 'पोलिमाइन स्पर्मिडिन'को स्तर उच्च हुन्छ, जसले शुक्राणु र अण्डाको गुणस्तरलाई राम्रो बनाउँछ । गर्छ । साथै दाल र सिमीमा प्रोटिन पनि उच्च हुन्छ, जसले स्वस्थ ओभिलियसनलाई बढाउन सहयोग गर्छ ।

**माछा**

ओमेगा-३ फ्याटी एसिड प्रजनन् स्वास्थ्यका लागि राम्रो हुन्छ, जुन माछामा प्रशस्त मात्रामा पाइन्छ । यो फ्याटी एसिडले रक्तसञ्चार सुधार गर्छ । स्वस्थ शुक्रकीटको विकासमा मद्दत गरेर प्रजनन् क्षमता बढाउँछ । यसबाहेक यसले महिलामा महिनावारी चक्रलाई पनि नियमित गर्छ ।

**सूर्यमुखीको बीउ**

सूर्यमुखीको बीउले महिला र पुरुष दुवैको प्रजनन् क्षमता बढाउन मद्दत गर्छ । सूर्यमुखीको बीउमा भिटामिन ई, फोलेट, सेलेनियम, ओमेगा-३ र ओमेगा-६ फ्याटी एसिड पाइन्छ, जसले प्रजनन् क्षमता बढाउन मद्दत गर्छ ।

**दुग्धजन्य पदार्थ**

दुग्धजन्य पदार्थको सेवनले शारीरिक शक्ति प्राप्त हुनुका साथै प्रजनन् क्षमता बढाउन पनि मद्दत गर्छ । यसमा धेरै प्रकारका पोषक तत्वहरू पाइन्छ जसले शरीरलाई ऊर्जा प्रदान गर्ने काम गर्छ ।

**केरा**

केरा खाँदा पनि प्रजनन् क्षमतामा सुधार हुन्छ । यसमा पोटासियम र भिटामिन बी-६ पर्याप्त मात्रामा पाइन्छ । प्रजनन् क्षमता बढाउने केरालाई दैनिक रूपमा सेवन गर्नुपर्छ ।

**हरियो तरकारी**

हरियो सागपातको सेवनले प्रजनन् अंगलाई स्वस्थ राख्छ । महिलाले आफ्नो प्रजनन् क्षमता बढाउन आफ्नो आहारमा हरियो सागसब्जी समावेश गर्नुपर्छ ।

यसमा भिटामिन बी र फोलेट प्रचुर मात्रामा पाइन्छ । जसले महिलाको प्रजनन् क्षमता बढाउन मद्दत गर्छ ।

# क्रियाशील सदस्यता नवीकरणमा बाँके कांग्रेस सक्रिय



**मिसन संवाददाता**
*नेपालगन्ज, १५ चैत*

नेपाली कांग्रेस बाँकेले वैशाख १५ गतेभित्र क्रियाशील सदस्यता नवीकरण गरिसक्न तल्ला तहलाई सर्कुलर गर्ने निर्णय गरेको छ।

कांग्रेस बाँकेका कार्यबाहक सभापति गोपालप्रसाद अधिकारीको सभापतित्वमा बिहीबार बसेको जिल्ला कार्यसमितिको बैठकले उक्त निर्णय गरेको हो।

बैठकले विधानतः सबै तहले गर्नुपर्ने वार्षिक सम्मेलन (वडादेखि क्षेत्रसम्म) वैशाख मसान्तसम्म गरिसक्न निर्देशन दिएको छ। यस्तै बैठकले जिल्लामा कार्यक्रमहरू गरिँदा संस्थापक नेताहरूको फोटो मात्र राख्ने गरिएकोमा अबदेखि संविधान पिता सुशील कोइरालाको पनि फोटो राख्ने निर्णय गरेको कार्यबाहक सभापति अधिकारीले बताए।

बैठकले पार्टीका पूर्व जिल्ला सभापति गजेन्द्रबहादुर हमालले महासमिति सदस्यबाट दिएको राजीनामा पुनर्विचार गर्न अनुरोध गर्दै अस्वीकृत गर्ने निर्णय गरेको छ। हमालले पार्टीभित्र उठाएको सनातन हिन्दु राष्ट्रको मागलाई जिल्लाको वार्षिक सम्मेलनमा प्रस्तावका रूपमा लैजाने निर्णय पनि बैठकले गरेको कार्यबाहक सभापति अधिकारीले जानकारी दिए।

# विमानस्थलमा सुर्तीजन्य पदार्थ बिक्रीवितरणमा रोक

**बाँके, १५ चैत**

उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासले विमानस्थलमा सुर्तीजन्य पदार्थको बिक्रीवितरणमा रोक लगाउन आदेश दिएको छ। त्यसैगरी विमानस्थलका चमेनागृहमा अनिवार्य रूपमा मूल्यसूची राख्न पनि अन्तरिम आदेश जारी गरिएको छ।

नेपालगन्ज उच्च अदालत बार एसोसिएनका पूर्वअध्यक्ष अधिवक्ता विकास आचार्य, एडभोकेसी फोरमका तर्फबाट लुम्बिनी प्रदेश संयोजक अधिवक्ता वसन्त गौतम, वरिष्ठ अधिवक्ता सुनिलकुमार श्रेष्ठलगायतले संयुक्तरूपमा दायर गरेको रिटमा उच्च अदालतका न्यायाधीशद्वय किरणकुमारी गुप्ता र वसन्तराज पौडेलको संयुक्त इजलासले विपक्षीका नाममा विमानस्थलको चमेनागृहमा बेचिने वस्तुको अनिवार्यरूपमा मूल्यसूची राख्न र विमानस्थल परिसरमा सुर्तीजन्य पदार्थको बिक्रीवितरणमा रोक लगाउन आदेश दिएको हो।

अन्तरिम आदेशको रूपमा तत्काल उल्लेखित विषयमा आदेश भएको मुद्दाको अन्तिम सुनुवाइपश्चात् माग दाबी गरेका अन्य सवालमा समेत विपक्षीका नाममा आदेश हुनसक्ने अधिवक्ता वसन्त गौतमले बताए। मुद्दामा नेपालगन्ज विमानस्थल नागरिक उड्डयन कार्यालय, कार्यालयका प्रमुख, विमानस्थलभित्र सवारी पार्किङ गर्ने सार्थक ट्रेड सेन्टर एन्ड सप्लायर्स तथा बुद्ध, यती, श्री, सीता, तारा, समिट, गुण एयरलाइन्स प्रालि र नेपाल वायुसेवा निगम शाखा कार्यालय नेपालगन्ज एवम् जिल्ला प्रशासन कार्यालय, बाँके समेतलाई विपक्षी बनाई रिट निवेदकले उत्प्रेषण र परमादेश समेतको रिट निवेदन दायर गरेको अधिवक्ता गौतमले बताए।

पार्किङ शुल्क, हवाई सेवाको गुणस्तर र विमानस्थलभित्र विभिन्न क्षेत्रका गरिनुपर्ने सुधारका विषयमा सार्वजनिक सरोकारको क्षेत्रमा कार्यरत कानुन व्यवसायी र अधिकारकर्मीले हवाई सुशासन र उपभोक्ता अधिकारको संरक्षण तथा गुणस्तरीय सेवाको माग राख्दै रिट दायर गरिएको रिट निवेदकमध्येका अधिवक्ता विकास आचार्यले जानकारी दिए।

रिट निवेदक अधिवक्ताहरूले विमानस्थलभित्रका चमेनागृहले लिने मनपरि शुल्क, खाद्यवस्तुको गुणस्तर, विमानस्थलमा सामान ओसार्ने ट्रलीको कमी, हवाई जहाजले यात्रुलाई दिने सेवा सुविधामा गरेको कटौतीलगायतका विषयको उठान गरेका छन्। विमानस्थलभित्र दिइने सेवा सुविधामा सुधार गर्न सरोकारवालासँग छलफल गरे पनि काममा ठोस सुधार नभएपछि मुद्दामा जानुपरेको रिट निवेदक कानुन व्यवसायीले जनाएका छन्। **रासस**


## गुठीचौर गाउँपालिका
### गुठीचौर गाउँपालिकाको कार्यालय
**धलमुडी, जुम्ला**
**कर्णाली प्रदेश**

## गुठीचौर गाउँपालिका भित्रका पर्यटकीय सडकहरु निर्माण कार्यको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनतयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/१२/१६**

कर्णाली प्रदेश, जुम्ला जिल्लाको गुठीचौर गाउँपालिका निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | जुम्ला जिल्लाको गुठीचौर गाउँपालिका वडा नं.१ र वडानं.३ |
| प्रस्तावको व्यहोरा | जुम्ला जिल्लाको गुठीचौर गाउँपालिका वडा नं. १ चोत्रा खोला भित्री सडक (९ किलोमिटर) र वडा नं. ३ लाम्ना देखि ठाकुरज्यू (५ किलोमिटर) भित्रका पर्यटकीय सडक निर्माण कार्यको संक्षिप्त वातावरणीय अध्धयन प्रतिवेदन तयारी |
| प्रभाव पर्न सक्ने जिल्ला न.पा. | जुम्ला जिल्लाको गुठीचौर गाउँपालिका कार्यालय, कर्णाली प्रदेश |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययनको क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न जुम्ला जिल्लाको गुठीचौर गाउँपालिका तथा क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुभाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| गुठीचौर गाउँपालिकाको कार्यालय<br>गुठीचौर गाउँपालिका<br>धलमुडी, जुम्ला<br>कर्णाली प्रदेश<br>सम्पर्क नं. ९७५८३२२९५५<br>इमेलः ito.guthichaurmun@gmail.com | एम.के. इन्स्टिच्युट अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी प्रा.लि.<br>लाजिम्पाट, काठमाण्डौं<br>फोन नं.९८५१३४२४८७ |



## शिक्षक आवश्यकता

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८०/१२/०९ को निर्णय र चामुण्डा विन्द्राशैनी नगरपालिका नगर शिक्षा यूवा तथा खेलकुद शाखा दैलेखको च.नं. २५४ मिति २०८०/१२/०६ को प्राप्त पत्रानुसार यस विद्यालयमा रिक्त रहेको नि.मा.वि. तह तृतीय श्रेणी अंग्रेजी विषयको राहात शिक्षक र प्रा.वि. तह तृतीय श्रेणी राहात शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तपशिलमा उल्लेखित कागजातसहित रितपूर्वक दरखास्त आह्वान गरिन्छ। रित नपुगेको दरखास्त उपर कुनै कारबाही हुने छैन।

**तपशिल**

१) पद : शिक्षक   २) तह : नि.मा.वि./प्रा.वि.   ३) विषय : अंग्रेजी/सबै
४) किसिम : राहात   ५) आवश्यक पद संस्था : नि.मा.वि. अंग्रेजी- १ प्रा.वि.- १
६) न्यूनतम् शैक्षिक योग्यता : नि.मा.वि. को हकमा सम्बन्धित विषयमा आइएड वा सो सरह (प्रा.वि. को हकमा आइएड वा सो सरह)
७) उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
८) आवश्यक कागजात : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी, सम्बन्धित तहको अध्यापन अनुमती पत्रको प्रमाणित प्रतिलिपी, शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपी र निवेदन।
९) तलब स्केल वा अन्य सेवा सुविधा : नेपाल सरकारले तोके बमोजिम।
१०) दरखास्त दिने अन्तिम मिति : २०८०/१२/२३
११) दरखास्त शूल्क : ३,०००/- (तीन हजार मात्र)
१२) सम्पर्क मिति : सम्पर्क मितिमा तोकिनेछ।
१३) परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ।
१४) परीक्षाको किसिम : लिखित र अन्तरवार्ता आवश्यकता अनुसार कक्षा अवलोकन समेत।

*पुनश्चः शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचिमा नाम हुनेहरूले दरखास्त दिनुपर्ने मिति २०८०/१२/१५ सम्म करार सूचिका उम्मेदवारबाट दरखास्त परेमा वि.व्य.स. ले सूचिको योग्यता क्रमको आधारमा सिधैं करार नियुक्ति गर्ने छ। योग्यता भएका र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ।*

## जनता माध्यमिक विद्यालय
**मष्टामाडु चामुण्डा विन्द्राशैनी न.पा.- ७, दैलेख**



## हाम्रो अनुरोध

**हामीले प्रकाशित गरेका लेख, रचनामा प्रतिक्रिया जनाउन तथा आफ्ना साहित्यिक रचनाहरू प्रकाशित गर्न चाहनुहन्छ भने हामीलाई सम्पर्क गर्नुहोला।**

**महानन्द ढकाल**
साहित्यिक सम्पादक
सम्पर्क नं. ९८४४८०१०६६
इमेलः missiontodaydaily@gmail.com

"सूचनामा तपाईसँगको साझेदारी"
मिसन टुडे
www.missiontodaynews.com
राष्ट्रिय दैनिक


## पहिलो पृष्ठको बाँकी

### बाँके...

चरणमा प्रवेश गर्नेछन्।

नेपालगन्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष चिरिञ्जीवी ओली लगानीको वातावरण निर्माण गर्ने हो भने बाँकेका अझै ठूला उद्योग सञ्चालन हुने बताउँछन्। उनी भन्छन्, 'तर लगानीको वातावारणका लागि जे जति काम गर्नुपर्ने हो त्यो गरेको देखिँदैन।' सानादेखि ठूला उद्योग सञ्चालनको अपेक्षा गरेको नौबस्ता औद्योगिक क्षेत्रको काम अझै अघि बढ्न नसक्नुले पनि नीति निर्माताहरू औद्योगिक वातावारण निर्माणमा सकारात्मक नभएको पुष्टि हुने अधिकारीले बताए।

### पुनर्जीवन...

पुगेको धेरैको गुनासो छ।

कृषि अनुसन्धान निर्देशनालय खजुराका निर्देशक डा. समीद अहमद स्वयम् अंगुर अनुसन्धान केन्द्रको अवस्था देखेर खिन्न छन्। उनले यसको अवस्थाका बारेमा केन्द्रीय नीति निर्मातालाई पटक-पटक ध्यानार्कषण गराइसकेका छन्। डा. अहमद भन्छन्, 'कि यसलाई मज्जाले चलाऊँ होइन भने बन्दगरिदिऊँ। तर यसरी दयनीय अवस्थामा नछाडौं भनेर मैले पटक-पटक भनेको छु।'

केन्द्रले कुनै स्पष्ट योजना र बजेट नदिएका कारण अंगुर अनुसन्धान केन्द्रले पुनर्जीवन पाउन नसकेको उनको भनाइ छ। यहाँ रहेका कर्मचारीले सामान्य रेखदेख गरेर दिन बिताइरहेका छन्। हेरचाहको अभाव र धेरै पुराना भएका कारण अंगुरका बोटका डाँठ मात्रै देखिन्छन् भने बोटहरू घाँसले ढपक्कै ढाकेका छन्। 'वाइन बनाउनका लागि यहाँ अंगुरखेतीको प्रशस्त सम्भावना हो। अहिले विदेशबाट करोडौंको वाइन भित्रिन्छ। त्यसलाई निरुत्साहित गर्न यहीँ वाइन उत्पादन गर्ने गरी अंगुर खेतीलाई प्रवर्द्धन गर्न सकिन्छ,' डा. अहमद भन्छन्, 'फराकिलो सोच, स्पष्ट इच्छाशक्ति र भिजन बनाउने हो भने यो अंगुर अनुन्धान केन्द्रले पुनर्जीवन पाउँछ। त्यतातर्फ ध्यान दिनुपर्छ।'

२०४२ सालमा जाइकाले क्याहो र पर्लेट प्रजातिका अंगुरको व्यावसायिक खेती सुरु गरेको थियो। २०४९ सालमा जाइकाले अनुसन्धान केन्द्रलाई हस्तान्तरण गरेको थियो। तर बजेट अभावमा अंगुर खेती प्रवर्द्ध नगर्न नसक्दा बिरुवा मरेर खेती हराउँदै गएको छ।


## पशुपति बहुउद्देश्यीय सहकारी संस्था लि.
**नेपालगंज-१८, बाँके**

## सम्पर्कमा आउने ७ दिने सूचना

यस संस्थाका शेयर सदस्यश्री ओम प्रकाश थापाले तपशिलमा उल्लेखित सदस्य आफ्नो छोरी भएको र घरायसी कारण देखाई उक्त छोरीको नाममा रहेको शेयर रकम आफुले फिर्ता पाऊ भनि निवेदन दिनु भएकोले संस्थाको अभिलेख अनुसार तपाई लामो समय देखि संस्थाको सम्पर्कमा नभएको र फोन नं. मा पनि सम्मर्क हुन नसकेको अवस्थामा तपाईको ठेगानामा ३५ दिने पत्र पठाउदा पनि सम्पर्कमा नआउनु भएकोले यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त म्यादभित्र पनि सम्पर्कमा आउनु भएन भने निवेदकको माग अनुसारको कार्यवाही हुने व्यहोरा जानकारी गराइन्छ।

**तपशिल:**

| सदस्यता नं. | सदस्यको नाम | बुवाको नाम | बाजेको नाम | ठेगाना |
|---|---|---|---|---|
| २१८ | गिताकुमारी खड्का | ओम प्रकाश थापा | तोजक बहादुर थापा | नेपालगंज-१८, बाँके |

अध्यक्ष
ज्योति प्रसाद श्रेष्ठ



## सवारी साधन लिलाम बिक्री सम्बन्धी सूचना

एभरेष्ट कृषि सहकारी संस्था लि.को अनुसूची-४ अनुसार सवारी साधन गोप्य शिलबन्दि बोलपत्रको माध्यामबाट (जे जस्तो अवस्थामा छ) लिलाम विक्रि गर्नु पर्न भएको हुँदा इच्छुक फर्म, संस्था वा व्यक्तिको लागी यो सुचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र (सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) यस संस्थाको कार्यालयमा आईपुग्ने गरी रितपूर्वक गोप्य शिलबन्दि गरी खरीद गर्न चाहेको मुल्य खुलाई पेश गर्नुहुन यो सुचना प्रकाशित गरीएको छ।

| क्र.सं. | सवारी साधनको विवरण | बनेको साल | सवारी साधन नं. | संख्या | न्यूनतम लिलाम मुल्य |
|---|---|---|---|---|---|
| १. | टाटा मोटर भारत | सन् २०२० | भे.१ क १८२५ | १ | रु.१५,००,०००/– (पन्ध्र लाख रुपैया मात्र) |
| २. | M & M Ltd. भारत | सन् २०१९ | भे.१ च ३२४७ | १ | रु.९,००,०००/- (नौ लाख मात्र) |
| ३. | मोटरसाइकल (सुपर स्पेलेण्डर) | सन् २०१८ | भे.८ प ६५२६ | १ | रु.१,००,०००/- (एक लाख रुपैया मात्र) |

**शर्तहरु :**
१. शिलबन्दि बोलपत्र सुचना प्रकाशित भएको मितिले ८ औं दिन ३ बजे संस्थाको कार्यालयमा खोलिने छ।
२. बोलपत्र साथ बोलपत्र जमानत बापत आफुले कवुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटि स्वरूप यस संस्थाको NIC Asia bank को खाता नं. M04105152165240 मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न हुनु पर्ने छ।
३. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले ३ दिन भित्र सम्झौता गरी सक्नु पर्ने छ। अन्यथा बोल पत्र रद्द गरी धरौटि बापत जम्मा गरेको रकम जफत गर्न सकिने छ।
४. लिलाम हुने सवारी साधन बारे बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ।
५. लिलाममा भाग लिने व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्र प्रतिलिपि फर्म वा संस्थाले कम्पनी दर्ता प्रमाण पत्र (नविकरण भएको), स्थायी लेखा नम्बर र करचुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नछ।

## एभरेष्ट कृषि सहकारी संस्था लि.
**बैजनाथ ६,बाँके**
**सम्पर्क: ०८१-४१३००६**



## ऋण कर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(सूचना प्रकाशित मिति २०८०/१२/१६ गते)

यस कर्णाली डेभलपमेन्ट बैंक लि. **केन्द्रिय कार्यालय नेपालगंजबाट** तपाई तपसीलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, व्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपबाट कर्जा चुक्ता गर्नको लागि अनुरोध गर्दा पनि कर्जाको साँवा, व्याज थप व्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकाले उल्लिखित ऋणीको नाउंमा बक्यौता ऋण कर्जा चुक्ता भुक्ता नगर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। उल्लिखित समयावधि भित्र सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिदा उपलब्ध गराएको धितो लिलामगर्ने, ऋणी, शेयर धनी/ सञ्चालक तथा जमानी दिनेको नाम समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारबाहीहरु समेत अवलम्बन गरिने ब्यहोरा यसै सूचनाबाट जानकारी गराउंदै यथाशिघ्र कर्जा भुक्तानी गर्न गराउनु हुन विशेष अनुरोध गरिन्छ।

तपसील

| क्र.स. | ऋणीको विवरण | धितोको विवरण |
|---|---|---|
| १. | लगानी गरिएको कार्यालय : केन्द्रिय कार्यालय नेपालगंज, बाँके<br>कर्जा शिर्षक : व्यक्तिगत ओ.डी कर्जा<br>**ऋणीको नाम : शहजादा अलि कसगर**<br>बाबु : इदु अली कसगर<br>बाजे : अलिबक्स कसगर<br>ना.प्र.नं. : ११२/५४, बाँके<br>जारी मिति : २०४६।०३।०५<br>ठेगाना : नेपालगंज-५, बाँके<br>व्यक्तिगत जमानी :<br>**नाम : रासिद अलि कसगर**<br>बाबु : शहजादा अलि कसगर<br>बाजे : इदु अली कसगर<br>ना.प्र.नं. : ६६१०१९/२५८२, बाँके<br>ठेगाना : नेपालगंज-५, बाँके। | १. श्री अलिबक्स कसगरको नाती श्री इदु अली कस गरको छोरा नेपालगंज-५, बाँके बस्ने श्री शहजादा अलि कसगरको नाममा मालपोत कार्यालय नेपालगंज बाँकेमा दर्ता रहेको नेपालगंज न.पा. वडा नं ११ ग को कि.नं. २८९, २७७ को क्षेत्रफल २७०.८८, ६७.७२ व.मी. जग्गामा बनेको घर तथा सो ले चर्चेको लिग लगापात समेत। |
| २. | कर्जा शिर्षक : हायर पर्चेज कर्जा<br>**ऋणीको नाम : तेज बहादुर विष्ट**<br>बाबु : भद्रबहादुर विष्ट<br>बाजे : हैते विष्ट<br>ना.प्र.न : ५६०(०३१)/२८८८, रुकुम<br>जारी मिति : २०६३/०५/१९<br>ठेगाना : चौरजहारी-१, रुकुम पश्चिम<br>व्यक्तिगत जमानीहरु :<br>**क)नाम : अतिराम बुढाथोकी**<br>बाबु : ससे बुढाथोकी<br>बाजे : मुनु बुढाथोकी<br>ना.प्र.न : १२२८९, सल्यान<br>जारी मिति : २०५८/०६/०१<br>ठेगाना : कोहलपुर-१४, बाँके<br>**ख)नाम : पार्वती कुमारी बुढाथोकी**<br>ससुरा : ससे बुढाथोकी<br>पति : अतिराम बुढाथोकी<br>ना.प्र.नं. : ५५१०१७/४४६, सल्यान<br>ठेगाना : कोहलपुर न.पा.-१४, बाँके | **१) जग्गाको विवरण :**<br>श्री मुनु बुढाथोकीको नाति श्री ससे बुढाथोकीको छोरा श्री अतिराम बुढाथोकीको नाउँमा मा. पो. का. नेपालगंज, बाँकेमा दर्ता कायम भएको बाँके जिल्ला शम्सेरगंज गा.वि.स./ न.पा. वडा नं. ७स्थित कि.नं.१०३५को क्षेत्रफल १६९.३० व.मी. जग्गा आदि सम्पूर्ण लिगलगात समेत।<br>**२) सवारीको विवरण:**<br>सवारी साधनको नं : ना ५ ख ५१३७<br>इन्जिन नं. 41G63388913<br>च्यासिस नं : M AT412 049E1 H11587<br>हर्सपावर : ५८८३ सि.सि<br>सिलिण्डर संख्या : ६<br>कम्पनीको नाम : टाटा भारत<br>बनेको साल : २०१४ |
| ३. | कर्जा शिर्षक : हायर पर्चेच कर्जा<br>**ऋणीको नाम : दामोदर पाण्डेय**<br>बाबु : तिलकराम पाण्डेय<br>बाजे : कृष्ण प्रसाद पाण्डेय<br>ना.प्र.नं : ५२१०१७/१३७२, दाङ<br>जारी मिति : २०६८/०२/०९<br>ठेगाना : घोराही -२, दाङ<br>व्यक्तिगत जमानीहरु<br>क)नाम : सपना भुसाल<br>ससुरा : तिलकराम पाण्डेय<br>पति : दामोदर पाण्डेय<br>ना.प्र.न : ५२२०१०/२०१७, दाङ<br>जारी मिति : २०७३/०८/२६<br>ठेगाना : घोराही-०२, दाङ<br>ख)नाम : रुक प्रसाद पुलामी<br>बाबु : धनेश्वर पुलामी<br>बाजे : फनाधर पुलामी<br>ना.प्र.न : १०८७/१९७, दाङ<br>जारी मिति : २०६२/०२/०१<br>ठेगाना : बंगलाचुली-४, काभ्रा दाङ | **सवारीको विवरण**<br>सवारी साधनको नं. : रा १ ख १३३५<br>इन्जिन नं : GCHZ410890<br>च्यासिस नं.: MB1HTYY6GR WR2318<br>सवारी मोडल : 2518/L TIPPER<br>हर्सपावर : ५७५९ सि.सि<br>कम्पनीको नाम: ASHOK LEYLAND<br>बनेको साल : २०१६ |
| ४. | कर्जा शिर्षक : हायर पर्चेच कर्जा<br>**ऋणीको नाम: अजय रोका**<br>बाबु : केशरमान रोका<br>बाजे : हंशमान रोका<br>ना.प्र.नं. : ११९(०१७)/३०७, रुकुम<br>जारी मिति : २०५९/०५/२५<br>ठेगाना : घोराही -११, दाङ<br>व्यक्तिगत जमानी :<br>**क)नाम : गम बहादुर घर्ति मगर**<br>बाबु : चन्द्र घर्ति मगर<br>बाजे : पहरे घर्ति मगर<br>ना.प्र.नं. : ८७७७/४२३, दाङ<br>जारी मिति : २०४८/०८/१८<br>ठेगाना : घोराही-२, दाङ | **सवारीको विवरण**<br>सवारी साधनको नं. : रा १ ख १३४२<br>इन्जिन नं : GWHZ 430 303<br>च्यासिस नं : MB1HTYYC8GRWR2319<br>सवारी मोडल : 2518/L TIPPER<br>हर्सपावर : ५७५९ सि.सि<br>कम्पनीको नाम: ASHOK LEYLAND<br>बनेको साल : २०१६ |
| ५. | कर्जा शिर्षक : हायर पर्चेच कर्जा<br>**ऋणीको नाम: जनक बुढा मगर**<br>बाबु : कुम्भ बुढा<br>बाजे : चुमानसिंह बुढा<br>ना.प्र.नं. : २२३०२४/२, दाङ<br>जारी मिति : २०६३/१२/०४<br>ठेगाना : हापुर-२, दाङ<br>व्यक्तिगत जमानीहरु :<br>**क)नाम : प्रसान्त बुढा मगर**<br>बाबु : धनबहादुर बुढा मगर<br>बाजे : रामबहादुर बुढा मगर<br>ना.प्र.नं : २४७०/१०६०, दाङ<br>जारी मिति : २०५४/०४/३०<br>ठेगाना : घोराही -११, दाङ<br>**ख)नाम : विनोद कुमार चौधरी**<br>बाबु : भरोसे थारु<br>बाजे : शिवराज थारु<br>ना.प्र.नं. : ४६२४१, कपिलवस्तु<br>जारी मिति : २०६०/०३/०३<br>ठेगाना : बुड्ढी-२, कपिलवस्तु | **सवारीको विवरण**<br>सवारी साधनको नं. : रा १ ख १३८५<br>इन्जिन नं : GVHZ43 3 5 4 9<br>च्यासिस नं: MB1HTYY C4GRVR3724<br>सवारी मोडल: 2518/LT IPPER<br>हर्सपावर : ५७५९ सि.सि<br>कम्पनीको नाम: ASHOK LEYLAND<br>बनेको साल : २०१६ |
| ६. | कर्जा शिर्षक : हायर पर्चेच कर्जा<br>**ऋणीको नाम: जनक बुढा मगर**<br>बाबु : कुम्भ बुढा<br>बाजे : चुमानसिंह बुढा<br>ना.प्र.नं. : २२३०२४/२, दाङ<br>जारी मिति : २०६३/१२/०४<br>ठेगाना : हापुर-२, दाङ<br>व्यक्तिगतजमानीहरु :<br>**क)नाम : बेगम बहादुर पुन मगर**<br>बाबु : हस्त सिंह पुन मगर<br>बाजे : चन्द्र लालपुन मगर<br>ना.प्र.न : ११२६५, बाँके<br>जारी मिति : २०६०/०१/२४<br>ठेगाना : घोराही -३, दाङ<br>**ख)नाम : विनोद कुमार चौधरी**<br>बाबु : भरोसे थारु<br>बाजे : शिवराज थारु<br>ना.प्र.न : ४६२४१, कपिलवस्तु<br>जारी मिति : २०६०/०३/०३<br>ठेगाना : बुड्ढी-२, कपिलवस्तु | **सवारीको विवरण**<br>सवारी साधनको नं. : रा १ ख १३८७<br>इन्जिन नं : GVHZ4 33 5 43<br>च्यासिस नं : MB1HTY YC7GRVR3698<br>सवारी मोडल : 2518/L TIPPER<br>हर्सपावर : ५७५९ सि.सि<br>कम्पनीको नाम :ASHOK LEYLAND<br>बनेको साल : २०१६ |

**कर्णाली डेभेलपमेन्ट बैंक लिमिटेड**
**Karnali Development Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त)

केन्द्रिय कार्यालय नेपालगँज-बाँके, नेपाल
फोन: ०८१-४१५०४०/४१५०७४
फ्याक्स:०८१-४१५०८६R४१५१०४ ईमेल info@kdblnepal.com

# स्वदेशमै विदेशभन्दा बढी कमाउँदै नेमराज

**जानी नजानी नेमराजले गरेको व्यवसायले परम्परागत सीपको संरक्षण गर्ने काम पनि गर्दै आएको छ । अहिले माटोका भाँडाको प्रचलन हराउँदै मात्र गएको छैन बनाउने सीप पनि मर्दै जान थालेको छ । मानिसहरू बजारिया प्लास्टिक र सिमेन्टका भाँडा र गमलातिर आकर्षित हुन थालेका छन् ।**

❑ **गणेश रावत**
*कोहलपुर, १४ चैत*



बर्दियाका नेमराज योगी थारू सानै उमेरमा बिदेसिए । १७ वर्षकै उमेरमा बिदेऐका थारू अहिले स्वदेश फर्केर व्यवसायमा रमाइरहेका छन् । कोहलपुर नगरपालिकास्थित पुरानो बसपार्कअघि निजन गमला पसल राखेर नेमराजले जीवन चलाइरहेका छन् । पारिवारिक अवस्थाका कारण एसएलसी दिएर नेमराज मलेसिया गएका थिए ।

केही वर्ष मलेसियामा बिताएपछि उनी स्वदेश फर्केर यहीँ केही गर्ने योजनामा लागे । र, आफ्नो क्षमता अनुसारको लगानी गरेर गमला व्यवसाय सुरु गरेका हुन् । 'के गर्ने ठूलो व्यवसाय गर्न लगानी पनि ठूलै गर्नुपर्‍यो,' उनले भने, 'आफ्नो क्षमताअनुसार सानो लगानी गरेर व्यवसाय सुरु गरेको छु ।'

आम युवाको झैँ विदेश जानु उनको पनि रहर थिएन । तर परिवारको आर्थिक अवस्थाले गर्दा उनलाई देश छोड्नुको विकल्प रहेन । पढाइलाई पनि उनले बीचैमा त्याग्नुपर्‍यो । त्यसमाथि घरमा बिरामी आमा ! औषधिमूलोको व्यवस्था गर्नैपर्थ्यो । 'घरमा आमा सधैँ बिरामी भइरहने र आर्थिक अवस्था कमजोर रहेकाले घरखर्चको जोहो गर्न म बिदेसिएको थिएँ,' उनले भने, 'करिब ३ वर्ष विदेशमै दुःख गरेर बिताएँ ।'

विदेशमा उनी पेन्टिङको काम गर्थे । यो काम त्यति सजिलो थिएन । हुन त विदेशमा गएर नेपाली युवाले गर्ने काम सजिला कहाँ हुन्छन् र ! भनिन्छ, नेपाली युवाले विदेशमा गएर गर्ने काम भनेको 'थ्री डी' अर्थात् 'डेन्जर, डर्टी र डिफिकल्ट' नै हो । नेमराज पनि यिनैमध्येको काममा खटिएका थिए ।

स्वदेश फर्किएलगत्तै नेमराज विवाह बन्धनमा बाँधिए । थारू समुदायमा सानै उमेरमा विवाह बन्धनमा बाँधिने चलन हुन्छ । हुन त नेमराज नेपाल फर्किंदा २० वर्षका पुगिसकेका थिए । तर पनि यो उनको विवाहको उमेर भने थिएन । अध्ययन गर्ने उमेरमै उनी विवाह बन्धनमा बाँधिएका थिए । विवाहपछि परिवारको थप दायित्व उनको टाउकोमा आयो । त्यसपछि मात्र उनले अब केही गर्नुपर्छ भन्ने सोच बनाए ।

के गर्ने ? कहाँ गर्ने ? केही समय उनी दुविधामा रहे । भनेजस्तो ठाउँ पनि भेटिएन र के गर्ने भन्ने पनि सुझेन । उपयुक्त ठाउँको खोजीमा रहेका उनको रोजाइ कोहलपुर भयो । खासै कसैले ध्यान नदिएको नौलो खालको व्यवसाय उनको दिमागमा आयो ।

लगानी पनि खासै धेरै गर्नु नपर्ने र व्यवसाय पनि राम्रै हुनसक्ने ठानेर उनले माटोका भाँडा गमला पसल सञ्चालन गर्ने निधो गरे । 'मैले व्यवसाय सुरु गर्दा यहाँ एउटा मात्रै माटोका भाँडा पाउने पसल थियो,' उनले भने, 'कमाइ पनि राम्रो हुन्थ्यो ।' तर अहिले माटोका भाँडा पसलहरू धेरै खुलिसकेको उनको भनाइ छ । प्रतिस्पर्धा धेरै हुने गरेको र कमाइ पनि सोही अनुसार कम भइरहेको उनको भनाइ छ ।

जानी नजानी नेमराजले गरेको व्यवसायले परम्परागत सीपको संरक्षण गर्ने काम पनि गर्दै आएको छ । अहिले माटोका भाँडाको प्रचलन हराउँदै मात्र गएको छैन बनाउने सीप पनि मर्दै जान थालेको छ । मानिसहरू बजारिया प्लास्टिक र सिमेन्टका भाँडा र गमलातिर आकर्षित हुन थालेका छन् । यस्तो अवस्थामा नेमराज र नेमराजजस्ता व्यवसायीले माटोका भाँडा बेचेर त्यो सीपलाई संरक्षण गरिरहेका छन् भन्दा अत्युक्ति हुँदैन ।



पहिला-पहिला माटोका भाँडा बनाउने काम ठाउँठाउँमा हुन्थ्यो । कुमालेहरूले माटोका अनेक प्रकारका भाँडा बनाएर गाउँगाउँमा डुलाएर बेच्ने गरेका थिए । मानिसहरूले पनि माटाका भाँडाको अत्यधिक प्रयोग गर्थे । तर त्यो प्रचलन विस्तारै हराउँदै जान थालेको नेमराजको बुझाइ छ । अहिले बाँकेमा माटोका भाँडा उत्पादन नै नहुने गरेको उनी बताउँछन् ।

'बाँकेभरिमै अहिले माटोका भाँडा बनाउने गरेको पाइएको छैन,' उनले भने, 'त्यसैले हामीले दाङबाट यस्ता भाँडा मगाएर बेच्ने गरेका छौँ ।' नजिकमै यस्ता भाँडा बन्ने गरेको भए आफूहरूलाई पनि सहज हुन्थ्यो भन्ने उनलाई लाग्छ । 'तर पनि ठीकै छ,' उनी भन्छन्, 'व्यवसायले विस्तारै गति लिँदै गएको छ ।' सुरुवातका दिनमा एक गाडी माटोका भाँडाहरू ल्याउँदा बिक्री हुन दुई महिना लाग्ने गरेको तर अहिले एक गाडी भाँडा एकै महिनामा बिक्री हुने गरेको उनको अनुभव छ ।

यो व्यवसायबाट राम्रै आम्दानी भइरहेको उनले जानकारी दिए । अहिले न्यूनतम पनि मासिक ४० हजार आम्दानी हुने गरेको उनले बताए । उनी विगत ९ वर्षदेखि कोहलपुरमा माटोका भाँडा तथा गमलाहरू बेच्दै आइरहेका छन् । क्रमशः माटाका भाँडाको प्रचलन बढ्न थालेको उनको अनुभव छ । पछिल्लो समय माटोबाट बनेका कलस, खुत्रुकेलगायत माग बढिरहेको उनले बताए ।

अहिले मानिसहरूले माटोका भाडाँहरूको महत्व बुझ्दै गएको उनको भनाइ छ । 'माटोका भाँडाको प्रयोग मानव स्वास्थ्यका लागि समेत राम्रो मानिन्छ,' उनले भने, 'चिया पिउने कप, पानी राख्ने गाग्रीलगायतका माटाका भाँडा प्रयोग गर्न सके सबैलाई राम्रै हुन्छ ।' उनले चिया पसलहरूलाई प्लास्टिकका कप प्रयोग गर्नुभन्दा माटाका कप प्रयोग गर्नसमेत सुझाए । 'कतै कतै मट्का चियाका नाममा माटाका कपको प्रयोग पनि भइरहेको पाइन्छ,' उनले भने, 'तर यसलाई आम प्रचलनमा ल्याउनसके राम्रो हुन्थ्यो ।'


सहर बजारमा अग्गा र ठूला घरहरू निर्माण हुन थालेपछि अहिले गमालाको माग पनि बढिरहेको उनले जानकारी दिए । माटाका भाँडाको प्रयोग धेरै ठाउँमा गर्न सकिने नेमराजको भनाइ छ । रक्सी पार्ने हन्डा, मकै भुट्ने हाँडी, पानी राख्ने भुँड्का, गाग्री, घैँटा, धुपौरे, खोतउली, फूलका गमला, आरी, डुगुल्की, सुराही, खुत्रुके, कलमदानी, कलश, पाला, दियोलगायत सामग्री माटोबाट बनाउन सकिने उनले जानकारी दिए । अहिले बजार यी बस्तुको माग पनि बढ्दै गएको थारूले बताए ।

विशेषगरी दसैँ र तिहारमा अझ माटोका भाडाहरू धेरै बिक्री हुने गरेको उनको अनुभव छ । उनका लागि माटोका भाँडाको व्यवसाय आम्दानीको राम्रो स्रोत बनेको छ । माटोका भाँडाको व्यवसायबाटै उनले ५ जनाको परिवार सहज तरिकाले पालिरहेका छन् । उनी आफूमात्र नभएर धेरै जनालाई यसले रोजगारी दिएको र हराउँदै जान थालेको सीपको पुनर्जागर भएको उनलाई लाग्छ । 'यसबाट कसलाई पो बेफाइदा छ र !' उनी भन्छन्, 'बनाउनेहरू पनि खुसी, बेच्नेहरू पनि खुसी र प्रयोग गर्नेहरू पनि सन्तुष्ट छन् ।' आफूले राम्रै व्यापारमा हात हालेछु जस्तो यतिबेला उनलाई लाग्छ । व्यापार पनि राम्रो हुँदा खुसी लागेको उनले बताए ।

उनले कोहलपुरबाटै सुर्खेत, मुगु, दैलेख, जाजरकोटसम्म माटोका भाँडाहरू होलसेलमा बिक्री गर्ने गरेका छन् । आसपासका जिल्लाबाट समेत माटोका भाँडाको माग हुने गरेको उनको भनाइ छ । खुद्रा र होलसेल दुवै रूपमा उनले भाँडा बिक्री गर्ने गरेका छन् ।


३१ वर्षीय थारू अहिले यही पेसा व्यवसायमै सन्तुष्ट छन् । २ लाखको लगानीमा सुरु गरेका उनले अहिले लाखौँको कमाइ स्वदेशमै गरिरहेका छन् । त्यति नै लगानी गरेर विदेश जानेहरूले भन्दा उनले स्वदेशमै त्योभन्दा राम्रो आम्दानी गरिरहेका छन् । परिवारका साथमा स्वदेशमै जिन्दगी सुखमय बितिरहेकोमा उनी दङ्ग छन् । भन्छन्, 'गर्ने हो भने देशभित्रै काम, दाम र नाम सबै छ ।'

> हुन त विदेशमा गएर नेपाली युवाले गर्ने काम सजिला कहाँ हुन्छन् र ! भनिन्छ, नेपाली युवाले विदेशमा गएर गर्ने काम भनेको 'थ्री डी' अर्थात् 'डेन्जर, डर्टी र डिफिकल्ट' नै हो । नेमराज पनि









**मिसन टुडे राष्ट्रिय दैनिकका लागि विनोद पौडेलद्वारा प्रकाशित । सम्पादकः** नन्दलाल देवकोटा । **प्रधान कार्यालय :** कोहलपुर- ११ बाँके । **फोनः** ०८१-५४१६०८ । **कर्पोरेट कार्यालयः** नेपालगन्ज- २ सेतु विक चोक (९८५८०४१६०७)
**प्रादेशिक कार्यालयः** काठमाडौं- १३ सेतोपुल । वीरेन्द्रनगर सुर्खेत । धनगढी कैलाली र बुटवल । **शाखा कार्यालयः** गुलरिया तथा बाँसगढी, बर्दिया र लमही दाङ । **समाचार र विज्ञापनका लागिः** ९८५८०२३०६९, ९८६९९६६१०८ । **मुद्रणः** (मिसन अफसेट प्रेस-छापाखाना) ०८१-५४०३६८